# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा सूचना प्रकाशन शाखा*

**प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना प्रकाशन मितिः २०७९/०७/२१ गते**

ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि बागमती प्रदेशको प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम ज्येष्ठता र कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सोही अध्यादेशको दफा ४१ बमोजिमका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७९/०८/२५ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र उपदफा ३ बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट spsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

(क) प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेस गर्नु पर्ने।

(ङ) दरखास्त दस्तुर रु. १,५००|- (एक हजार पाँच सय)

(च) दरखास्त दस्तुर बुझाउने स्थानः
राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२०००००१००१०००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(छ) मिति २०७९/०८/०५ गतेसम्म थप माग आकृति फाराम प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिने।

## विवरण

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | |
| १. | १/०७९-८० | प्रशासन/सामान्य प्रशासन | २ |
| (आ) | प्राविधिकतर्फ | | |
| १. | २/०७९-८० | इन्जि./सर्भे | १ |
| २. | ३/०७९-८० | इन्जि./सिभिल/जनरल | २ |
| ३. | ४/०७९-८० | इन्जि./सिभिल/बिल्डिङ एण्ड आर्किटेक्ट | १ |
| ४. | ५/०७९-८० | इन्जि./सिभिल/स्यानिटरी | १ |
| ५. | ६/०७९-८० | इन्जि./सिभिल/इरिगेशन | १ |
| ६. | ७/०७९-८० | इन्जि./जियोलोजी/हाइड्रोजियोलोजी | १ |
| ७. | ८/०७९-८० | इन्जि./एगृ. इरिगेशन | १ |
| ८. | ९/०७९-८० | कृषि/कृषि प्रसार | १ |
| ९. | १०/०७९-८० | कृषि/बागवानी | १ |
| १०. | ११/०७९-८० | कृषि/बाली विकास | १ |
| ११. | १२/०७९-८० | कृषि/बाली संरक्षण | १ |
| १२. | १३/०७९-८० | कृषि/मत्स्य | १ |
| १३. | १४/०७९-८० | कृषि/एगृ. इको. एण्ड मार्केटिङ | १ |
| १४. | १५/०७९-८० | कृषि/भेटेरीनरी | १ |
| १५. | १६/०७९-८० | कृषि/लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | १ |
| १६. | १७/०७९-८० | वन/जनरल फरेष्ट्री | २ |
| १७. | १८/०७९-८० | शिक्षा/शिक्षा प्रशासन | १ |

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा सूचना प्रकाशन शाखा*

**प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना प्रकाशन मितिः २०७९/०७/२१ गते**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवातर्फका देहायका पदहरूका लागि बागमती प्रदेशको प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७९/०८/२५ सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट spsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

<u>उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः</u>

(क) प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा २९, ३१, ३५, ३६, ३७, ३८, ३९ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण खुलाई पेस गर्नु पर्ने।

(च) दरखास्त दस्तुर रु. १,५००|- (एक हजार पाँच सय)

(छ) दरखास्त दस्तुर बुझाउने स्थानः

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(ज) मिति २०७९/०८/०५ गतेसम्म थप माग आकृति फाराम प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिने।

## विवरण

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | |
| १. | १९/०७९-८० | प्रशासन/सामान्य प्रशासन | २ |
| (आ) | प्राविधिकतर्फ | | |
| १. | २०/०७९-८० | इन्जि./सिभिल/जनरल | २ |
| २. | २१/०७९-८० | इन्जि./सिभिल/बिल्डिङ एण्ड आर्किटेक्ट | १ |
| ३. | २२/०७९-८० | इन्जि./सिभिल/स्यानिटरी | १ |
| ४. | २३/०७९-८० | इन्जि./सिभिल/इरिगेशन | १ |
| ५. | २४/०७९-८० | कृषि/बागवानी | १ |
| ६. | २५/०७९-८० | कृषि/भेटेरीनरी | १ |
| ७. | २६/०७९-८० | वन/जनरल फरेष्ट्री | २ |
| ८. | २७/०७९-८० | शिक्षा/शिक्षा प्रशासन | १ |
| (इ) | स्वास्थ्य सेवा तर्फ | | |
| १. | २८/०७९-८० | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेस | १ |

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा सूचना प्रकाशन शाखा*

**प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको**

**आन्तरिक अन्तर सेवा, अन्तर तह, खुला**

**प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना प्रकाशन मितिः २०७९/०७/२१ गते**

प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

**विवरण**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | आ.अ.से., अ.त., खुला | माग पद | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १/०७९-०८० | प्रशासन/सामान्य प्रशासन | आन्तरिक अन्तर सेवा | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| २. | २/०७९-०८० | | अन्तर तह | १ | | |
| ३. | ३/०७९-०८० | | खुला | १ | | |
| (आ) | प्राविधिकतर्फ | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ५०१/०७९-८० | इन्जि./सिभिल/ जनरल | आन्तरिक अन्तर सेवा | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| २. | ५०२/०७९-८० | इन्जि./सिभिल/ बिल्डिङ एण्ड आर्किटेक्ट | आन्तरिक अन्तर सेवा | १ | | |
| ३. | ५०३/०७९-८० | कृषि/बागवानी | आन्तरिक अन्तर सेवा | १ | | |
| ४. | ५०४/०७९-८० | वन/जनरल फरेष्ट्री | आन्तरिक अन्तर सेवा | १ | | |
| ५. | ५०५/०७९-८० | शिक्षा/शिक्षा प्रशासन | आन्तरिक अन्तर सेवा | १ | | |
| (इ) | स्वास्थ्य सेवातर्फ | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | ५०६/०७९-८० | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेस | आन्तरिक अन्तर सेवा | १ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ। | |
| २. | ५०७/०७९-८० | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेस | अन्तर तह | १ | | |
| ३. | ५०८/०७९-८० | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेस | खुला | १ | | |

| | | |
|---|---|---|
| १. | **परीक्षाको किसिमः-** | लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा तोकिएबमोजिम हुनेछ।) |
| २. | **परीक्षा केन्द्रः-** | हेटौंडा। |
| ३. | **दरखास्त दस्तुरः-** | रु. १,५००\|- (एक हजार पाँच सय रुपैंया) |
| ४. | **दरखास्त दिने अन्तिम मितिः-** | २०७९/०८/११ गते र दोब्बर दस्तुर तिरी २०७९/०८/१८ गतेसम्म। |
| ५. | **उम्मेदवारको उमेरको हदः** | • २०७९/०८/११ गतेसम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।<br>• बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। |
| ६. | **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | • दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।<br>• दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित भैसकेपछि Connect IPS मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। (Connect IPS वा अन्य विद्युतीय भुक्तानी प्रणाली जस्तैः E-sewa, Khalti etc. बाट direct भुक्तानी अनलाईन प्रणालीले सर्पोर्ट गर्ने छैन।) |
| ७. | **दरखास्त दस्तुर बुझाउने अवधिः** | ढिलोमा मिति २०७९/०८/१९ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ। |
| ८. | **अपलोड गर्ने कागजातहरूः** | उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, स्वास्थ्य सेवाको हकमा सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता/नविकरण भएको प्रमाण लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ। |
| ९. | **अन्तर्वार्ता मिति र स्थानः-** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |
| १०. | **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी। |
| ११. | **तलबः-** | प्रदेश सरकारको प्रचलित कानून बमोजिम। |

आवश्यक न्यूनतम योग्यताः

## क. आन्तरिक अन्तर सेवा तर्फको लागिः

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

२. **कृषि सेवा, बागवानी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

३. **इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा वि.ई. वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

४. **इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बि. एण्ड आ. उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी

सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

५. **वन सेवा, जनरल फरेष्ट्री समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

६. **शिक्षा सेवा, शिक्षा प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

७. **स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेस समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरहको उपाधि प्राप्त र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम अनुभव प्राप्त।

**ख. खुला/अन्तर तह तर्फको लागिः**

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।
खुलाको लागि- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (३) बमोजिम अनुभव प्राप्त।
अन्तर तहको लागि- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (६) बमोजिम अनुभव प्राप्त।

२. **स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेस समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त।
खुलाको लागि- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (३) बमोजिम अनुभव प्राप्त।
अन्तर तहको लागि- प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ८ को उपदफा (६) बमोजिम अनुभव प्राप्त।

**उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी पेस गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वाताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

**अ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरूको लागि आवश्यक अनुभव**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।

(१) निजामती तथा अन्य सरकारी निकाय

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति

(४) ऐनद्वारा स्थापित संस्था वा निकाय

(५) संयुक्त राष्ट्र सङ्घ, यसका अङ्ग तथा विशिष्टिकृत निकाय

(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरू

(७) विश्वविद्यालयको आंगिक क्याम्पस

(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको भनी प्रमाणित गरेको पत्र पेस गर्नु पर्नेछ।

(झ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नु पर्ने भनि उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(च) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) पाठ्यक्रम आयोगको वेवसाइट spsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।

(झ) मिति २०७९/०८/०५ गतेसम्म थप माग आकृति फाराम प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिने।